आज मिति २०८२-०७-२१ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवरको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | नारायण प्रसाद पाण्डे | प्र.प्र.अ. | छत्रदेव गा.पा. ७ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

CS CamScanner

**कार्यपालिका बैठक संख्या:- ०६**

**मिति २०८२/०७/२१ गतेको बैठक**

**प्रस्तावहरु:-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।
२. बैसकोट तिर्नेपटेरा सिचाई योजना सम्बन्धमा ।
३. योजना कार्यान्वयन सम्बन्धमा ।
४. पाइप तथा जाली खरिद सम्बन्धमा ।
५. डिपिआर स्विकृत सम्बन्धमा ।
६. इन्डक्सन चुलो वितरण सम्बन्धमा ।
७. दलित.सँग सहभोज सम्बन्धमा ।
८. उपभोक्ता समिति सँग सम्झौता गर्न जाने सम्बन्धमा ।
९. टोप्रे गुफा प्रवर्द्धन कार्यक्रमको लागि वातावरणिय प्रभाव मुंल्याकन गर्ने सम्बन्धमा ।
१०.गिट्टी वालुवा सम्बन्धमा ।
११.आर्थिक सहायता सम्बन्धमा।
१२.रोल्मा तिखेचुली जिपलाईनमा काम गर्ने श्रमिकको भुक्तानी सम्बन्धमा ।
१३.विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

निर्णयहरु:-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८२/०७/१६ गते बसेको कार्यपालिका बैठकमा उपभोक्ता समिति सम्बन्धमा, अर्थ मन्त्रालयको परिपत्र सम्बन्धमा, गाउँ शिक्षा योजना सम्बन्धमा, स्थानीय पाठ्यक्रम संशोधन सम्बन्धमा, औषधी खरिदको लागि श्रोत सुनिश्चितता सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा समिक्षा गरियो ।

२. मदाने गाउँपालिका वडा नं. ४ म्यालपोखरी र वडा नं. ०६ पुर्कोटदहमा पर्ने बैसकोट तिर्नै पटेरा सिचाई योजनाको नाममा मदाने ०४ र ०६ हुनुपर्नेमा मदाने ०७ भई आएको हुँदा योजना कार्यान्वयन गर्दा मदाने ०६ को बैसकोट तिर्नै पटेरामा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

३. मदाने गाउँपालिका वडा नं. ०६ पुर्कोटदहमा बलेटक्सार भण्डारमान मा वि पहुँच मार्गमा पुर्कोट दह नुवार ठुला भिर सडक भनेर योजना आएको तर बलेटक्सार भण्डारमान मा.वि पहुँच मार्ग भन्ने नाम नरहेको भएता पनी उक्त योजना कार्यान्वयन गर्दा मदाने ०६ को पुर्कोटदह नुवार ठुला भिर सडक योजनामा कार्यान्वयन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

४. मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट अनुसार स्विकृत कार्यक्रम पाइप खरिद सात लाख र जाली खरिद दश लाख बराबरको योजना हाललाई कार्यान्वयन नगर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

५. मदाने गाउँपालिकामा बन्दै गरेको नयाँ प्रशासकीय भवनको लागि भित्रको इन्टेरियरको डिपिआर अनुसार रु उनान्सय लाख अठ्चालिस हजार बराबरको इन्टेरियर निर्माणको लागि तयार भएको हुँदा उक्त डिपिआर स्विकृत गरी ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

६. मदाने गाउँपालिकामा सञ्चालित स्वस्थ चुलो निर्माणको लागि स्वस्थ चुलो नेपाल नामक गैर सरकारी संस्थाले पहिला यस गै.स. संस्थाबाट चुलो निर्माण गरेका र इन्डक्सन चुलोमा लाग्ने भाडा भएका उपभोक्तालाई पहिलो चरणमा मात्र ५० पिस विद्युतिय इन्डक्सन चुलो उपलब्ध गराउने भए बमोजिम यस गाउँपालिकामा उक्त चुलो वितरणको लागि आवश्यक प्रक्रिया पुरा गरी वडा नं. ४ म्यालपोखरी र वडा नं. ६ पुर्कोटदहले सूचना जारी गरी निवेदन संकलन मार्फत २५/२५ पिसका दरले वितरण गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

७. मदाने गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक बजेट अनुसार स्विकृत कार्यक्रम कृषि मेला प्रर्दशनीलाई कटौती गरी रु एक लाख बराबरको दलित सँग सहभोज कार्यक्रम सञ्चालन मिति २०८२/०९/१५ गतेका दिन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. मदाने गाउँपालिकामा तपसिलका वडाहरुमा तपसिलको मितिमा योजना सम्झौता तथा उपभोक्ता समितिको नाममा बैंकको खाता समेत वडाबाट नै खोल्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

मदाने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पुर्कोटदह, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

तपसिलः-

| क.स. | मिति/ बार | वडा कार्यालय | कै. |
|---|---|---|---|
| १ | २०८२/०८/०३ गते बुधबार | वडा नं. १ को कार्यालय अग्लुङ्ग | |
| २ | २०८२/०८/०४ गते बिहिबार | वडा नं. २ को कार्यालय बाँझकटेरी | |
| ३ | २०८२/०८/०५ गते शुक्रबार | वडा नं. ४ को कार्यालय म्यालपोखरी | |
| ४ | २०८२/०८/०७ गते आइतबार | वडा नं. ३ को कार्यालय सिर्सेनी | |
| ५ | २०८२/०८/०८ गते सोमबार | वडा नं. ५ को कार्यालय मलागिरी | |
| ६ | २०८२/०८/०९ गते मंगलबार | वडा नं. ६ को कार्यालय पुर्कोटदह | |
| ७ | २०८२/०८/१० गते बुधबार | वडा नं. ७ को कार्यालय भनभने | |

९. मदाने गाउँपालिका वडा नं. ०१, ०२ र ०५ को संगम स्थलमा रहेको टोप्रे गुफा प्रवर्द्धन कार्यक्रमको लागि वातावरणिय प्रभाव मुल्याकन गर्न आवश्यक बजेट व्यवस्थापन गरी वातावरणिय प्रभाव मुंल्याकन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ मा वातावरण अध्ययन प्रतिवेदन अनुरुप गिट्टी बालुवाको तेस्रो पटक सम्म ठेक्का लगाइएको र कुनै पनी ठेक्का सम्झौता हुन नसकेको हुँदा विगत वर्षहरुमा अभ्यास गरिदै आए बमोजिम सम्वन्धित वडा कार्यालयबाट रसिद काँटी गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

११. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिवीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका तपसिलका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

| क.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायता | कै. |
|---|---|---|---|---|---|
| १. | रुद्र बहादुर के.सी. | मदाने-०४ | टाउकोमा समस्या | ५,०००/- | |

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

१२. मदाने गाउँपालिका वडा नं. ०७ मा रहेको रोल्मा–तिखेचुली जिपलाइन को ठेक्का व्यवस्थापन हुनुअघि जिपलाइन सञ्चालन, व्यवस्थापन तथा आवश्यक सेवा प्रवाहका लागि खटिएका श्रमिकहरूको पारिश्रमिक भुक्तानी गर्नुपर्ने सम्बन्धमा छलफल गरियो। छलफलपश्चात्, जिपलाइनको ठेक्का सम्झौता हुनुपूर्व जिपलाइन सञ्चालन तथा व्यवस्थापन कार्यमा वास्तविक रूपमा खटिई काम गरेका श्रमिकहरूको हाजिरी तथा कार्यसम्पादनको अभिलेखका आधारमा नियमानुसार हुन आउने पारिश्रमिक रकम भुक्तानी गर्ने निर्णय गरियो।

१३. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या ०६ (आ.व. २०८२/०८३) को मिति २०८२/०७/२१ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष